श्री कालिका सामुदायिक वन उपभोक्ता समूह

राप्ती नगरपालिका वडा नं. ०८, चितवन

काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०८/०४

श्री कालिका सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादिन समूहको घाटगद्दीमा विभिन्न लटमा विभाजित तपसिलमा उल्लेखित परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक सःमिल/फर्म/कम्पनी/उद्योगले यो सूचना चितवन पोष्ट दैनिक समाचारपत्रमा दोस्रो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्र खरिद गरी सिलबन्दीको बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरणः

क. लट नं. १, उत्पादन आ.व. २०८१/८२

क्र.सं.	जात	किसिम	ग्रेड	थान	परिमाण (क्यू.फि.)	दर रु.	न्यूनतम मूल्य रु.	सङ्कलन खर्च रु.		कै.
								दर	जम्मा	
१	कर्मा	गोलिया	A	६	१२५.४	४००	५०१६०	१४०.००	१७५५६.००	
	कर्मा	गोलिया	B	९	७३.३०	३००	२१९९०	१४०.००	१०२६२.००	
	कर्मा	गोलिया	C	१०	७७.०६	१००	७७०६	१४०.००	१०७८८.४०	
		जम्मा		२५	२७५.७६		७९८५६		३८६०६.४०	
२	असना	गोलिया	C	२	६.५	१००	६५०	१४०.००	९१०.००	
३	बर्रो	गोलिया	-	२५	१५२.६	२००	३०५२०	१४०.००	२१३६४.००	
४	अन्य	गोलिया	-	९४	४०७.४४	१००	४०७४४	१४०.००	५७०४१.६०	
	कुल जम्मा		-	१४६	८४२.३०		१५१७७०		११७९२२.००	

ग. लट नं. ३, उत्पादन आ.व. २०८१/८२

क्र.सं.	जात	किसिम	ग्रेड	थान	परिमाण (क्यू.फि.)	दर रु.	न्यूनतम मूल्य रु.	सङ्कलन खर्च रु.		कै.
								दर	जम्मा	
१	कर्मा	गोलिया	A	१२	३६८.९६	४००	१४७५८४	१४०.००	५१६५४	
	कर्मा	गोलिया	B	८	४५.९८	३००	१३७९४	१४०.००	६४३७	
	कर्मा	गोलिया	C	५	१६४.५१	१००	१६४५१	१४०.००	२३०३१	
		जम्मा		२५	५७९.४५		१७७८२९		८११२३	
२	असना	गोलिया	A	२३	५३२.३८	४००	२१२९५२	१४०.००	७४५३३	
	असना	गोलिया	B	६	७१.८५	३००	२१५५५	१४०.००	१००५९	
	असना	गोलिया	C	१०	७६.७७	१००	७६७७	१४०.००	१०७४८	
		जम्मा		३९	६८१.००		२४२१८४		९५३४०	
३	बर्रो	गोलिया	-	२	९.८	२००	१९६०	१४०.००	१३७२	
४	अन्य	गोलिया	-	७४	५०५	१००	५०५००	१४०.००	७०७००	
	कुल जम्मा		-	१४०	१७७५.२५		४७२४७३		२४८५३५	

२. बोलपत्र खरिद गर्न पाउने अन्तिम मिति र समयः २०८३/०८/१८ गते, कार्यालय समय भित्र।

३. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समयः२०८३/०८/१९ गते, दिउसो १:०० बजेसम्म।

४. बोलपत्र खोलिने मिति र समयः २०८३/०८/२० गते, समयः बिहान ११:०० बजे।

५. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन सार्वजनिक दिन पर्न गएमा भोलीपल्ट कायम हुनेछ।

६. बोलपत्र फारामको मूल्यः रु. १०००/ (प्रति लट) फिर्ता नहुने-।

७. धरौटी रकमः बोलपत्रसाथ कवुल गरेको रकमको १०% ले हुन आउने रकम समूहको नेपाल बैंक, रत्ननगर शाखाको खाता नं. ०४८००१०१०२१९५८०००००१ मा वा बैंङ्क ग्यारेन्टी जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ।

८. लिलाममा भाग लिन इच्छुक काठ/दाउरामा आधारित उद्योगका (वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएको) प्रोप्राइटरले नेपाली नागरिकताको प्रतिलिपी, उद्योग दर्ता प्रमाणको प्रतिलिपी, स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणको प्रतिलिपी र कर चुक्ता प्रमाणको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

९. बोलपत्रमा सकार गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र स्वीकृत भएको उद्योगले बोलपत्र स्वीकृत भएको उद्योगले सकार रकमका साथै अन्य बुझाउनु पर्ने सबै रकम बुझाई नियमानुसारको म्यादभित्र काठ/दाउरा उठाई लैजानु पर्नेछ ।

११. कार्यालय समयभित्र यस समूहको भवन वा डिभिजन वन कार्यालय चितवनबाट बोलपत्र खरिद गर्न सकिनेछ।

१२. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहका कार्यसमितिमा निहीत रहनेछ।